मितिः२०८२/०५/२२

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

कार्यपालिका बैठक सङ्ख्या-१

आज मिति २०८२ साल भाद्र २२ गते आईबारको दिन बलेफी गाउँ कार्यपालिकाका अध्यक्ष श्री गङ्गा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर तामाङ | अध्यक्ष | |
| २.. | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री यादव ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री गृबिन्द्र कुमार चौंलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२. | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३. | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४. | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५. | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६. | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मिति:२०८२/०५/२२ कार्यपालिका बैठक सङ्ख्या-१

**प्रस्तावहरुः-**

१. गाउँ कार्यपालिकाको निर्णय कार्यन्वयनको समिक्षा सम्बन्धमा ।
२. सडक सरसफाई गर्ने सम्बन्धमा।
३. खेल प्रशिक्षकको सेवा करारमा लिने सम्बन्धमा ।
४. सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।
५. सङ्घ संस्थाहरुलाई जिन्सी सामान हस्तान्तरण गर्ने सम्बन्धमा ।
६. सामुदायिक विद्यालयहरुको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा।
७. विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मान मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
८. कृषि कार्यक्रम सञ्चालन सम्बन्धमा।
९. चमेना गृहको मूल्य सूची पुनरावलोकन गर्ने सम्बन्धमा।
१०. प्रदेश सशर्त अनुदान सम्बन्धमा।
११. दररेट स्वीकृत सम्बन्धमा।
१२. सामुदायमा आधारित एक वडा एक कृषि कार्यक्रम सम्बन्धमा।
१३.विविध सम्बन्धमा।

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा निर्णय गरिएका निर्णयहरु प्रभावकारी रूपमा कार्यन्वयन भएको भनी समिक्षा गरियो।

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाभित्र सडकहरु वर्षातको कारणले बिग्रेका सडकहरु दशै तिहार अघि जनताको आवत जावतमा कठिनाई हुने भएकोले सडकहरु वडास्तरीय बजेट तथा कार्यक्रम विनियोजन भएको बजेट रकम वा आवश्यक परेमा गाउँपालिका स्रोत व्यवस्थापन गरी सोझै खरिद विधिबाट वडागत रुपमा सडक सरसफाइ गर्ने र प्रकोप व्यवस्थापन कोषबाट रु. १०,००,००० खर्च गर्ने वडा नं. १, ६, ७ र ८ वडाहरुमा वर्षातको पानीले बिग्रेको सडकहरु सरसफाई गर्ने भनी निर्णय गरियो।

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाले खेलकूद क्षेत्रको विकास लगायत राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा विद्यार्थी खेलाडीको क्षमता बढाउनको लागि खेल प्रशिक्षकको लागि तपसिलका कार्यशर्तहरु सहित सिन्धुपाल्चोक खेलकूद विकास समितिसँग सम्झौता गर्ने भनी निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | विवरण | कार्यशर्तहरु |
|---|---|---|
| | | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १. | खेल प्रशिक्षक | - जम्मा २ जना खेल प्रशिक्षकहरु<br>- २ मध्ये १ जना मुख्य प्रशिक्षक (सम्झौता भरी काम गर्नुपर्ने)<br>- २ मध्ये १ जना सहायक प्रशिक्षक (राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा हुने खेल सम्बन्धित रहेको प्रशिक्षक फरक-फरक हुने गरी काम गर्ने) |
| २. | सम्झौता अवधि | सम्झौता गरेदेखि २०८३ जेठ मसान्तसम्म |
| ३. | कार्यक्षेत्र | गाउँपालिकाभित्रका १२ वटा मा.वि.हरु |
| ४. | प्रशिक्षार्थी | गाउँपालिकाभित्रका १२ वटा मा.वि.हरुमा अध्ययनरत विद्यार्थीहरु |
| ५. | सम्झौता रकम | एकमुष्ट ४,५०,००० समितिलाई भुक्तानी गर्ने। |
| ६. | प्रतिवेदन | सम्झौताको म्याद १ महिना हुदाँ सम्पूर्ण क्रियाकलापको प्रतिवेदन बुझाउनु पर्ने। |
| ७. | अन्य कार्यशर्त | प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम र समितिसँग छलफल बमोजिम हुने। |

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम सङ्घीय कार्यक्रममा रहेको र गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र (आधारभूत अस्पताल) जलबिरेको लागि आवश्यक कर्मचारी सेवा करारमा देहाय बमोजिमको पद, सेवा, समूह र सङ्ख्या पदपूर्ति गर्ने भनी निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | पद | सेवा | समूह | तह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | सातौ | १ (एक) | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | अ.न.मि. | स्वास्थ्य | प.हे.न. | चौथौ | १ (एक) | |
| ३. | फार्मेसी सहायक | स्वास्थ्य | फार्मेसी | पाँचौ | १ (एक) | |

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा विनियोजित बजेट रकमबाट खरिद गरिएका, जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकबाट हस्तान्तरण भई आएका देहायका जिन्सी सामग्रीहरु देहायका व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, अन्य सस्थाहरु र विद्यालयहरुलाई हस्तान्तरण गर्ने भनी निर्णय गरियो। देहायः-

| क्र.सं. | संघ/संस्थाहरुको नाम र ठेगाना | हस्तान्तरण भएको/हुने जिन्सी सामाग्रीहरुको विवरण | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्र.सं. | खप्ने सामानहरु | स्पेशीफिकेसन | परिमाण | क्र.सं. | नखप्ने सामाग्रीहरु | स्पेशीफिकेसन | परिमाण | |
| १. | गाउँपालिका अन्तरगतका सहकारी संस्था र कृषक समुह | १ | मिनीट्रिलर | Agriculture 7.5HP Mini tiller with 24 Blades & petrol engine | १९२ वटा | | | | | |
| २. | श्री जालपा देवी माध्यमिक विद्यालय | १ | ल्यापटप | | १ थान | जिल्ला जनस्वास्थ्य कार्यालयबाट प्राप्त | | | | |
| | | २ | प्रोजेक्टर | | १ थान | | | | | |
| | | ३ | कुर्सी | | १ थान | | | | | |
| | | ४ | टेबुल | | १ थान | | | | | |
| ३. | श्री फूल्पिङकोट माध्यमिक विद्यालय | १ | ल्यापटप | | १ थान | जिल्ला जनस्वास्थ्य कार्यालयबाट प्राप्त | | | | |
| | | २ | कुर्सी | | १ थान | | | | | |
| | | ३ | टेबुल | | १ थान | | | | | |
| ४. | दलित आय आर्जन समुह बलेफी ६ | १ | गलैंचा तान | ४*६ साइजको गलैंचा तान सहायक सामाग्रीहरु सहित | ७ सेट | | | | | |
| ५. | नेपाली टोल पञ्चेबाजा समुह वडा नं २ | १ | पञ्चेबाजा | कर्नल १ दमाहा १ | १ सेट | | | | | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सहनाई २<br>झ्याम्टा १ जोर<br>ट्याम्को १<br>ढोलकी १ | | | | | | |
| ६. | **विपन्न दलित महिला शशक्तिकरण समुह बलेफी २** | १ | पञ्चेबाजा | कर्नल २<br>दमाहा २<br>सहनाई २<br>झ्याम्टा १ जोर<br>ट्याम्को १<br>ढोलकी १ | १ सेट | | | | | |
| ७. | **मेलडाँडा लघु उद्यम समुह बलेफी ४** | | | | | १ | **मौरीको घार** | गोलासहित आवश्यक सामानहरुको सेट | ५ व टा | मेड्पा |
| ८. | **वडा नं ४ का कृषकहरु** | | | | | १ | **मौरीको घार** | गोलासहित आवश्यक सामानहरुको सेट | १ ९ व टा | ५० प्रतिशतस म्बन्धित कृषकहरु को लागत सहभागिता मा |
| ९. | **वडा नं १ र ७ का कृषकहरु** | | | | | १ | **मौरीको घार** | गोलासहित आवश्यक सामानहरुको सेट | ६ ९ व टा | ५० प्रतिशतस म्बन्धित कृषकहरु को लागत सहभागिता मा |
| १०. | **बालुवाखेत सिंचाई वडा नं २** | १ | पानी तान्ने पम्पसहित पाइप र फिटिङस सामानहरु | 200m head multistage 5hps-35stage v1.25 phase rocket pump | १ सेट | | | | | |
| ११. | **इलाका प्रहरी कार्यालय जलबिरे** | | | | | १ | **लोकल इट्टा** | लोकल इट्टा | २ ० ० ० | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | व<br>टा | |
| १२. | **मीन बहादुर तामाङ<br>बलेफी ७ अमलटार** | | १ | **ह्वील चेयर** | HANDIL-<br>2SIDE HAND,<br>REST<br>SYSTEMSALT<br>Y<br>BELT,MANU<br>AL MUBILITY<br>SYSEM | १<br>व<br>टा | |

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०८१/८२ को लेखापरीक्षणको लागि गाउँ कार्यपालिकाको कार्यालयको सूचना नं. ११, मिति २०८२/०४/२१ को सुचना बमोजिम प्रस्ताव आव्हान गरिएकोमा सो सूचना बमोजिम प्राप्त लेखापरीक्षकहरुको प्रस्तावहरुमध्ये देहायको लेखापरिक्षकहरुलाई देहाय बमोजिमका विद्यालयहरुको लेखापरीक्षक नियुक्ति गर्ने भनी निर्णय गरियो।

देहायः-

| **क्र.सं.** | **लेखापरीक्षकको नाम र सदस्य नं.** | **विद्यालयहरुको नाम र ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १. | ए.के.एस्.सि.एसोशिएट्स (CA-२३२९) | १. श्री आनन्द मा.वि. बलेफी -१, जलविरे ।<br>२. श्री फुल्पिङकोट मा.वि. बलेफी -२, फुल्पिङकोट<br>३. श्री भीमसेन मा.वि. बलेफी -३, धुस्कोट।<br>४. श्री सेतीदेवी मा.वि. बलेफी -४, गहते।<br>५. श्री जालपादेवी मा.वि. बलेफी -४, विञ्याल ।<br>६. श्री कूपकन्या मा.वि. बलेफी - ६, माङ्खा ।<br>७. श्री बालशिक्षा मा.वि. बलेफी -७, खाडीचौर ।<br>८. श्री सरस्वती मा.वि. बलेफी -७, चिम्लिङ।<br>९. श्री वनसाँघु मा.वि. बलेफी -८, ड्यामसाइट। | |
| २. | केशव कुमार शर्मा एण्ड एसोसिएट्स (RA-१७५९) | १. श्री लक्ष्मीदेवी मा.वि. बलेफी -२, देउरालीडाँडा ।<br>२. श्री वनकाली आ.वि. बलेफी -१, पैरे<br>३. श्री अर्चले आ.वि. बलेफी -२, झोलुङ्गे ।<br>४. श्री च्यानडाँडा आ.वि. बलेफी -३, धुस्कोट ।<br>५. श्री सिमासिङ आ.वि. बलेफी -३, ओखेनी।<br>६. श्री करङ्गैरा आ.वि. बलेफी -४, करङ्गैरा ।<br>७. श्री सेतीदेवी आ.वि. बलेफी -२, नौविसे।<br>८. श्री फलाटेदेवी आ.वि. बलेफी -४, अदमारा। | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | ९.श्री जनचेतना आ.वि. बलेफी -८, पहरीगाउँ ।<br>१०. श्री कालिदेवी आ.वि. बलेफी -८, टोप्का । | |
| ३. | एल.पौडेल एण्ड एसोसिएट्स (RA-३५५९) | १. श्री बलेफी मा.वि. बलेफी -५, बलेफी ।<br>२. श्री विङ्याल आ.वि. बलेफी -५, देउराली ।<br>३. श्री सेतीदेवी आ.वि. बलेफी -५, ज्यामिरे।<br>४. श्री जनसेवा आ.वि. बलेफी -५, बाघखोर ।<br>५. श्री सातकन्या बालविकास केन्द्र बलेफी -६, सहेले<br>६. श्री सातकन्या आ.वि. बलेफी -६, जालवारी ।<br>७. श्री वेत्रावती आ.वि. बलेफी -६, वंदर्पा ।<br>८. श्री सुन्दरादेवी आ.वि. बलेफी -६, बुवाँसे।<br>९. श्री बालज्योति आ.वि. बलेफी -७, चिम्लिङबेशी<br>१०. श्री गोल्मादेवी आ.वि. बलेफी - ७, माथिल्लो चिम्लङ। | |

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मान मापदण्ड, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

८. प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा विनियोजित देहायको बजेट तथा कार्यक्रम देहाय बमोजिम मापदण्ड, प्रक्रिया र कार्यन्वयन क्षेत्र तोकी सञ्चालन गर्ने गरी १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरी सञ्चालन गर्ने भनी निर्णय गरियो।

**देहायः-**

| **क्र.स.** | **बजेट तथा कार्यक्रमको नाम** | **विनियोजित बजेट** | **कार्यक्रम सञ्चालनको मापदण्ड** | **कार्यन्वयन क्षेत्र** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | उपाध्यक्षसँग कृषि कार्यक्रम | १,५०,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषि र पशु कार्यक्रमको प्रस्तावको आधारमा छनौट गर्ने,<br>• अन्य हकमा, बलेफी गाउँपालिकाको **"कृषि तथा पशु बिकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** | वडा नं. ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम कार्य सञ्चालन गर्नको लागि बाधा पर्ने छैन्। | | |
| २. | कृषि विकास कार्यक्रम | ४,००,०००/- | • ५०% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने<br>• मिनी टिलर (डिजेल) वितरण कार्यक्रम।<br>• कृषि र पशु कार्यक्रमको प्रस्तावको आधारमा छनौट गर्ने,<br>• कार्यक्रम सञ्चालनमा लाभग्राही छनौट, सूचना प्रकाशन गरी बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्य समितिको निर्णयले कार्यक्रम सञ्चालन,<br>• अन्य हकमा, बलेफी गाउँपालिकाको **"कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** बमोजिम कार्य सञ्चालन गर्नको लागि बाधा पर्ने छैन्। | सबै वडाहरु | बजेट थप गर्ने, |
| ३. | कृषि अनुदान बलेफी-३ | ४,००,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषि र पशु कार्यक्रमको प्रस्तावको आधारमा छनौट गर्ने,<br>• कृषि तथा पशु सम्बन्धी कार्यक्रम<br>• अन्य हकमा, बलेफी गाउँपालिकाको **"कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** बमोजिम कार्य सञ्चालन गर्नको लागि बाधा पर्ने छैन्। | वडा नं. ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | कृषि उत्पादन सङ्कलन केन्द्र स्थापना | ३,५०,०००/- | • ५०% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनसार छनौट गर्ने | वडा नं. ४ | |
| ५. | स्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम | १५,००,०००/- | • कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनसार छनौट गर्ने<br>• कार्यविधि बमोजिम हुने | वडा नं. ३ | बागमती प्रदेश सरकार |
| ६. | कफी खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम बलेफी गाउँपालिका वडा नं ७ | १५,००,०००/- | • ५०% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने<br>• कार्यविधि बमोजिम हुने | वडा नं ७ | |
| ७. | टनेल वितरण कार्यक्रम वडा नं १ | २,००,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक, कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने | वडा नं १ | |
| ८. | कृषि कार्यक्रम तथा कृषि एम्बुलेन्स कार्यक्रम वडा नं ४ | ४,००,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक, कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने | वडा नं. ४ | |
| ९. | कृषि तथा पशु विकास कार्यक्रम वडा नं ५ | ८०,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• मागमा आधारित<br>• कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने | वडा नं. ५ | |
| १०. | कृषि तथा पशु विकास कार्यक्रम वडा नं ७ | २,००,०००/- | • ७५% अनुदानमा कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक, कृषक समूह, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने | वडा नं. ७ | |

लोकेन्द्र बहादुर राव
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | मौरी घार वितरण, वडा नं. ८ | १,००,०००/- | • ९०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन,<br>• कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारीको प्रस्ताव अनुसार छनौट गर्ने | वडा नं. ८ | |
| १२. | कृषि तथा पशुपालन (गोठ सुधार तथा टनेल अनुदान) कार्यक्रम | ३०,००,००० | • गोठ सुधार कार्यक्रम<br>• ५०% अनुदानमा टनेल वितरण<br>• यस कार्यक्रममा सहभागी हुन कम्तीमा २ माउ गाई/भैसी वा ५ माउ बाख्रा वा ५ माउ वंगुर पालन गर्दै आएको हुन पर्ने<br>• विगत ३ वर्ष यता गोठ सुधार कार्यक्रममा कुनै पनि निकायबाट अनुदान नलिएको | सबै वडा | बागती प्रदेश सरकार-विशेष अनुदान |
| १२. | दुध संकलन, प्रसोधन तथा बजारीकरण कार्यक्रम | ३०,००,००० | • कुल लागतको २० प्रतिशत रकम लागत साझेदारी गर्ने<br>• दुध सकंलन गरी विक्री वितरण गरिरहेका दुग्ध उत्पादक सहकारी वा कृषक समूहको प्रस्ताव अनुसार छनौट गर्ने। | वडा नं. ४ | बागती प्रदेश सरकार-विशेष अनुदान |
| १३. | गाई/भैसीको नयाँ पकेट विकास कार्यक्रम | २५,००,००० | • कार्यविधि बमोजिम लागत साझेदारीमा गाई/भैसीको संख्या बढी भएको वडालाई पकेट क्षेत्र बनाई सञ्चालन। | वडा नं. २ र ५ | नेपाल सरकार |
| १४ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | १०,००,००० | • प्रति लिटर १ रूपैयाँ अनुदान दिने<br>• कार्यविधि बमोजिम | सब वडाहरु | बागमती प्रदेश सरकार |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रम | ४,७०,००० | संघीय कार्यविधि अनुसार सञ्चालन गरिनेछ । | वडा नं. ६ | नेपाल सरकार |

९. प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको प्रशासनिक भवनमा सञ्चालन रहेको चमेना गृहको मूल्यसूची प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षता भएको समितिले सिफारिस बमोजिम मूल्य सूचीको देहाय बमोजिम पुनरावलोकन गरी मिति २०८२ असोज १ गतेदेखि लागु हुने गरी मूल्यसूची कायम गर्ने भनी निर्णय गरियो।

**देहायः-**

| क्र.सं. | परिकार | इकाई | मूल्य रु. | |
|---|---|---|---|---|
| खाना | | | अंकमा | अक्षरमा |
| १ | खाना भेज (भात, दाल, तरकारी, साग, अचार) | प्रति सेट | १२० | एक सय बिस |
| २ | खाना चिकेन (भात, दाल, तरकारी, साग, अचार, चिकेन) | प्रति सेट | १८५ | एक सय पचासी |
| ३ | खाना फिस (भात, दाल, तरकारी, साग, अचार, फिस) | प्रति सेट | ३०० | तीन सय |
| ४ | खाना मटन (भात, दाल, तरकारी, साग, अचार, मटन) | प्रति सेट | २८५ | दुई सय पचासी |
| खाजा/नास्ता | | | | |
| ५ | रोटी (गहुँ), सब्जी अचार | प्रति सेट (३ पिस रोटी) | ९० | नब्बे |
| ६ | म.म. भेज | प्रति प्लेट | ७० | सत्तरी |
| ७ | म.म. चिकेन | प्रति प्लेट | १०५ | एक सय पाँच |
| ८ | म.म. मटन | प्रति प्लेट | १०० | एक सय |
| ९ | म.म. पनिर | प्रति प्लेट | ९० | नब्बे |
| १० | चाउमिन भेज | प्रति प्लेट | ६० | साठी |
| ११ | चाउमिन अण्डा | प्रति प्लेट | ७५ | पचहत्तर |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | चाउमिन चिकेन | प्रति प्लेट | ९५ | पन्चानब्बे |
| १३ | चाउचाउ फ्राई | प्रति प्लेट | ५५ | पचपन्न |
| १४ | चाउचाउ अण्डा फ्राई | प्रति प्लेट | ७० | सत्तरी |
| १५ | चाउचाउ सुप | प्रति प्लेट | ४५ | पैतालिस |
| १६ | स्याण्डविच भेज | प्रति प्लेट | ६५ | पैसठी |
| १७ | सेलरोटी | प्रति पिस | १५ | पन्ध्र |
| १८ | जेरी | प्रति पिस | २० | बीस |
| १९ | पुरी | प्रति पिस | १५ | पन्ध्र |
| २० | समोसा | प्रति पिस | १५ | पन्ध्र |
| २१ | आलु चप | प्रति पिस | १५ | पन्ध्र |
| २२ | पकौडा | प्रति प्लेट | १५ | पन्ध्र |
| २३ | चना | प्रति प्लेट | २० | बीस |
| २४ | चना अण्डा | प्रति प्लेट | ४० | चालिस |
| २५ | मासु (चिकेन/माछा, मटन) | प्रति प्लेट | १२०, १६५ | एक सय बीस, एक सय पैसठी |
| २६ | आलु सादेको | प्रति प्लेट | २५ | पच्चीस |
| २७ | झोल तरकारी | प्रति बउल | २० | बीस |
| २८ | अमलेट | प्रति पिस | ३० | तीस |
| २९ | उसिनेको अण्डा | प्रति पिस | २५ | पच्चीस |
| ३० | भेज/मसरुम सुप | प्रति बउल | ६५ | पैसठी |
| ३१ | दुनोट | प्रति पिस | १० | दश |
| ३२ | उसिनेको मकै | प्रति घोगा | १५ | पन्ध्र |
| ३३ | भेज मिक्स खाजा | प्रति प्लेट | ६५ | पैसठी |
| ३४ | आलु चिउरा/भुजा | प्रति प्लेट | ४० | चालिस |
| ३५ | खाजा सेट भेज | प्रति प्लेट | ७० | सत्तरी |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३६ | खाजा सेट चिकेन | प्रति प्लेट | १३० | एक सय तीस |
| ३७ | खाजा सेट मेटन | प्रति प्लेट | २०० | दुई सय |
| ३८ | थुक्पा (भेज) | प्रति बउल | ६५ | पैसठी |
| ३९ | थुक्पा (चिकेन) | प्रति बउल | ११० | एक सय दश |
| ४० | फ्राई राइस | प्रति बउल | ८० | असि |
| ४१ | भेज रोल | प्रति प्लेट | १०० | एक सय |
| ४२ | चिकेन रोल | प्रति प्लेट | १३० | एक सय तीस |
| ४३ | चिकेन फ्राई राइस | प्रति प्लेट | १२० | एक सय बीस |
| ४४ | आलु पराठा | प्रति प्लेट | १०० | एक सय |
| | **चिया/कफी/चिसो/जुस/फलफूल** | | | |
| ४५ | कालो चिया | प्रति कप | १५ | पन्ध्र |
| ४६ | दुध चिया | प्रति कप | २० | बीस |
| ४७ | कफि कालो | प्रति कप | २५ | पच्चीस |
| ४८ | कफि दुध | प्रति कप | ३० | तीस |
| ४९ | मिक्स फलफूल | प्रति प्लेट | १२० | एक सय बीस |
| ५० | लस्सी सादा/लस्सी (काजु, बदाम र केरा सहित) | प्रति गिलास | ९० | नब्बे |
| ५१ | मिक्स फलफूल जुस | प्रति गिलास | ८० | असि |
| ५२ | दहि | प्रति कप | २५ | पच्चीस |
| ५३ | हट लेमन महसहित | प्रति कप | ३० | तीस |
| ५४ | दुध | प्रति गिलास | २५ | पच्चीस |
| ५५ | चिसो पेय पदार्थ (कोक/फेन्टा/स्प्राईट/स्लाईस) | प्रति बोतल (२५० मि.लि.) | ५५ | पचपन्न |

१०. प्रस्ताव नं. १० को सम्बन्धमा छलफल गर्दा प्रदेश सशर्त अनुदान अन्तर्गत जलबिरे प्रा.स्वा.के. वडा नं. १ र मांखा सामुदायिक स्वास्थ्य ईकाई वडा नं. ६ सुदृढीकरण, बलेफी शीर्षकमा रु. २०,००,०००

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बजेट रहेकोमा रु. दश लाख जलबिरे प्रा.स्वा.के. वडा नं. १ र रु. दश लाख मांखा सामुदायिक स्वास्थ्य ईकाई वडा नं. ६ लाई विनियोजन गर्ने र जलबिरे प्रा.स्वा.केमा प्रदेश अनुदानमा कार्यरत रहेका कर्मचारीहरुलाई तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ को सम्बन्धमा छलफल गर्दा आ.व. २०८२/८३ मा बलेफी गाउँपालिकामा भित्र निर्माण कार्यमा सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयले निर्धारण गरेको दररेट प्रयोग गर्ने र सम्बन्धित मन्त्रालय तथा विभागले स्वीकृत गरेको NORMS प्रयोग गर्ने भनी निर्णय गरियो।

१२. प्रस्ताव नं. १२ को सम्बन्धमा छलफल गर्दा बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालय, हेटौडाले आव्हान गरेको सामुदायमा आधारित एक वडा एक कृषि कार्यक्रम सम्बन्धी सूचना बमोजिम प्रस्तावको लागि कार्यविधि बमोजिम लागत साझेदारी गर्ने गरी बलेफी गाउँपालिका वडा नं. २ मा आलु उत्पादनको लागि प्रस्ताव पेश गर्ने भनी निर्णय गरियो।

१३. प्रस्ताव नं. १३ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. ०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा अनिवार्य अवकाश हुँदा राष्ट्रिय किताबखाना (शिक्षक) बाट उपदान रकम प्राप्त गर्न नसकेका र स्थायी सेवामा कम्तिमा २ वर्ष सेवा गरेका निवृतिभरणबाट बञ्चित भएका शिक्षकलाई नगद सहित सम्मान गर्ने नीतिअनुरुप विभिन्न मितिमा शिक्षक पेशामा अस्थायी नियुक्ति भई अविछिन्न सेवा गरेका र २०७५ सालमा शिक्षक सेवा आयोगले अस्थायी सेवामा कार्यरत शिक्षक कर्मचारीहरुको लागि आन्तरिक प्रतियोगिताबाट स्थायी नियुक्ति भएका र उमेरहदको कारणले आ.व. ०८१/८२ मा अनिवार्य अवकाश भई निवृतिभरण/उपदान प्राप्त गर्न नसकेका बलेफी गाउँपालिकाभित्रका सामूदायिक विद्यालयमा कार्यरत रहँदाकै अवस्थामा उमेरहदका कारणले अनिवार्य अवकाश लिएका बलेफी गाउँपालिका स्थायी ठेगाना भएका शिक्षकहरुलाई राष्ट्रिय शिक्षक दिवस, २०८२ मा आवश्यक कागजात प्रमाणको आधारमा गाउँपालिकाले सम्मान स्वरुप रु. १,५०,०००।(अक्षरुपि एक लाख पचास हजार रुपैयाँ मात्र) रकम सहित सम्मान गरिने भएकोले सम्बन्धित अवकाश प्राप्त शिक्षकहरुबाट निवेदन पेश गर्नका लागि गाउँपालिकाबाट सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१४. विविध सम्बन्धमा छलफल गर्दा तामाङ भाषा, संस्कार, संस्कृति, कलालाई प्रवर्दधन गर्ने उद्देश्यका साथ उत्पदान गर्दे आएको डम्फू सेलो कार्यक्रमलाई सहयोग स्वरुप " उपाध्यक्ष भाषा धर्म संस्कृति प्रवर्द्धन कार्यक्रम" शीर्षकबाट रु. ५० हजार भुक्तानी गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत